परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक १४ २०८२ कार्तिक १६ आईतवार Sunday 2, NOV 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



कोशी प्रदेशको राजधानी विराटनगरको पूर्वमा रहेको सिघिया खोलामा सोमवार अस्ताउँदो सूर्य र मंगलवार विहान उदाउँदो सूर्यलाई अर्घ दिने छठ पूजाको अवसरमा सिघिया घाट झकिझकाउ । फोटो : श्याम सुन्दर सुतिहार

## कोशी प्रदेशमा ७७ करोडको क्षति

विराटनगर । भ्रष्टाचार र वेतिथीको विरुद्धमा जेनजी पुस्ताले भदौ २३ गतेको शान्तिपूर्ण आन्दोन र भदौ २४ गतेको आन्दोलनमा घुसपैठ भई भएको आगजनी र तोडफोडमा कोशी प्रदेशमा करीब ७७ करोडको क्षति भएको छ ।

उक्त क्षतिको विवरण कोशी प्रदेश सरकारले गठन गरेको 'क्षति अध्ययन तथा मूल्यांकन समिति' ले सार्वजनिक गरेको छ । प्रतिवेदन तयार पारी सो प्रतिवेदन विवरण सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको छ । प्रतिवेदनले आन्दोलनबाट भएको कुल नोक्सानी र संरचना पुनर्निर्माणमा लाग्ने लागतको विस्तृत विवरण दिएको छ । आन्दोलनबाट भएको कुल ७७ करोडको नोक्सानीमध्ये आधाभन्दा बढी हिस्सा (करिब ५४ प्रतिशत) सवारी साधनमा परेको छ ।

प्रदेश सरकारका विभिन्न निकायका २६५ वटा सवारी साधनमा आगजनी र तोडफोड हुँदा कुल ४१ करोड ५२ लाख ९४ हजार बराबरको क्षति भएको छ । सवारी साधनमा भएको क्षतिको लागतको हिसाबले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा धेरै नोक्सानी व्यहोरेको छ, जबकि क्षतिग्रस्त सवारी साधनको संख्याको आधारमा भौतिक पूर्वाधार विकास मन्त्रालय सबैभन्दा अगाडि छ ।

सवारी साधनमा भएको क्षतिको ९० प्रतिशतभन्दा बढी हिस्सा मोरङ जिल्लामा केन्द्रित रहेको प्रतिवेदनमा उल्लेख छ । कुल क्षतिमध्ये क्षतिग्रस्त सरकारी भवनहरूको मर्मत तथा पुनर्निर्माणका लागि १८ करोड ४६ लाखभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ ।

सर्वाधिक नोक्सानी: क्षति व्यहोर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैभन्दा अगाडि छ । भवन पुनर्निर्माणमा भने सबैभन्दा ठूलो भार आन्तरिक मामिला तथा कानुन मन्त्रालय मा देखिएको छ, जहाँ ६ करोड ४७ लाख बढी लाग्ने अनुमान छ । यसैगरी, कोशी प्रदेशसभा सचिवालयको क्षतिग्रस्त भवन पुनर्निर्माणका लागि पनि ठूलो लागत लाग्ने प्रतिवेदनले देखाएको छ ।

## उत्कृष्ट विद्यार्थी सहित दशजना सम्मानित

विराटनगर । कोशी प्रदेशका पत्रकारहरूद्वारा विराटनगरमा संचालित सञ्चारकर्मी सञ्चार सहकारी संस्था लिमिटेडको १४ औं साधारणसभाको अवसरमा उत्कृष्ट विद्यार्थी सहित दशजनालाई सम्मानित गरेका छन् ।




साधारणसभाका प्रमुख अतिथि मोरंग जिल्लाका जिल्ला न्यायाधीश केशव प्रसाद घिमिरेले सहकारीका शेयर सदस्यको सन्ततिहरू मध्ये एसइइमा उत्कृष्ट अंक ल्याउने छात्र तर्फ ४ जीपीए ल्याएका श्रेय शर्मा, छात्रा तर्फ ३.९६ ल्याउने मेघा श्रेष्ठ, कक्षा १२ र सीटीईभीटी तर्फ उत्कृष्ट अंक ल्याउने छात्र तर्फ ३.५३ जीपीए ल्याएका हृषव पोखरेल र छात्रा तर्फ ३.७६ जीपिए ल्याएका मृदुला विष्टलाई नगद र प्रमाणपत्र सहित सम्मान गरेको हो ।

त्यसैगरी शेयर सदस्य मध्ये विद्याभारधि गरेका डा. डिल्ली पोखरेल र डा. धर्मराज ढकाललाई सम्मान पत्र, दोसल्ला र टोपी लगाएर सम्मान गरेकाछन् ।

उत्कृष्ट बचत सम्मान ले शेयर सदस्य कुलानन्द गच्छदार र कविता घिमिरे, असल ऋणी सम्मानले अनिल श्रेष्ठ र अग्रज शेयर सदस्य सम्मान केशव बहादुर कार्की सम्मान पत्र दोसल्लाले सम्मान गरेका हुन ।

२०६९ सालमा स्थापना भएको सञ्चारकर्मी सञ्चार सहकारीमा १२१ जना सदस्य रहेकाछन् । सहकारीले आर्थिक वर्ष २०८१/०८२ मा १ करोड १३ लाख ८८ हजारको कारोवार गरेको सहकारीका अध्यक्ष दिपक दाहालको प्रतिवेदनमा उल्लेख छ ।

सहकारीले आर्थिक वर्ष २०८१/०८२ मा कुल आम्दानी १३ लाख ६६ हजार ९ सय ८९ रूपियाँ ३३ पैसा गरेकोछ भने कुल खर्च ७ लाख ३० हजार ७ सय ८३ रूपियाँ ३८ पैसा गरेकाछन् ।

त्यसैगरी कुल ऋण लगानी ७६ लाख ९० हजार ९३ रूपियाँ ९८ पैसा गरेकोछ

वांकी अन्तिम पेजमा...




आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
नि:शुल्क न्यूरो OPD
समय: १२:०० बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा
■ टाउको दुख्ने, टाउको भारी हुने
■ हात खुट्टा दुख्ने, हात खुट्टा नचल्ने (Paralysis) हुने
■ हात खुट्टा गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
■ हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
■ घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
■ मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
■ खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
■ (प्रष्ट आवाज नआउने)
■ चक्कर लाग्ने, हिड्दा लड्ने
■ मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
■ कुराहरु बिर्सने, बेसुरका कुराहरु गर्ने



डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

# जेसिस सप्ताहको घोषण

विराटनगर । विराटनगर जेसिसले नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी 'जेसिस सप्ताह' गर्ने घोषणा गरेको छ ।

एक सातासम्म जेसिस सप्ताह हुने भन्दै सप्ताहको उद्घाटनका अवसरमा आइत-बार सञ्चारकर्मीहरूसँग फुटसल मैत्रिपूर्ण प्रतियोगिता गरिने कार्यक्रम संयोजक एवं कार्यकारिणी उपाध्यक्ष कविराज दाहालले बताए ।

जेसिस सप्ताहको आवसरमा जेसी वाल सदन माविमा दन्त परीक्षण, बाल सुधार गृहमा मायाको कोसेली वितरण, विराट बहिरा माविमा चित्रकला, नोवेल मेडिकल कलेजमा सडकमा सुरक्षित यात्रा सम्बन्धि 'रिफ्लेक्टस लाइट' वितरण कार्यक्रम राखिएको जनाइए को छ ।

सोही अवसरमा विराट नगर जेसिज सचिवालयमा कौसी खेती तालिम गरिने जनाइएको छ । जेसीज सप्ताह समापन भने विराटनगरस्थित होटल स्वागतममा दुई युवालाई सम्मान लगायतका कार्यक्रमका साथ गरिने विराटनगर जेसिसका अध्यक्ष प्रितेशराज दाहालले जानकारी दिए ।

## उत्कृष्ट...

भने कुल ऋण तथा ब्याज असुली २१ लाख ८१ हजार ३ सय ५० रूपियाँ ७९ पैसा गरेका छन् । शेयर सदस्यहरलाई ९ प्रतिशत बोनस वितरण गरेको सहकारीका अध्यक्ष दाहालले जानकारी गराए ।

साधारणसभामा शेयर सदस्य, पत्रकारसँग आवद्ध संघ संगठनका प्रतिनिधिहरू सहकारीका पूर्व अध्यक्षहरू को उपस्थित रहेको थियो ।

# ०४६ सालपछि लाभको पदमा पुगेका एमालेका सबै नेताहरूको सूची सार्वजनिक गरिने

विराटनगर । नेकपा एमाले स्थायी कमिटी सदस्य तथा कोशी प्रदेशका इन्चार्ज शेरधन राईले ०४६ सालपछि लाभको पदमा पुगेका एमालेका सवै नेताहरुको सूची सार्वजनिक गरिने बताउनु भएको छ ।




एमालेले नेताहरुको सूची तयार गरिरहेको उहाँले जानकारी दिनुभयो । छानवीनका लागि एमालेले सरकारलाई आह्वान गर्ने उहाँको भनाई छ । नेता राईले भन्नुभयो,' एमालेले नेताको सूची सार्वजनिक गर्छ । छानवीन होस् । दोशी देखिए कारवाही होस् । एमाले भ्रष्टाचारको आरोपबाट बाहिर आउन तयार छ ।' प्रेस चौतारी मोरङले आज विराटनगरमा आयोजना गरेको संवाद कार्यक्रममा नेता राईले सो कुरा बताउनु भएको हो । उहाँले भन्नुभयो,' म तीन पटक सांसद भएँ । एक पटक संघीय मन्त्री र साढे ३ वर्ष कोशीको मुख्यमन्त्री भएँ । म बाटै छानवीनको शुरुवात होस् । म तयार छु ।'

मुलुकलाई संविधानको बाटोमा ल्याउन संसद पुन:स्थापना हुनुपर्ने नेकपा एमालेको माग रहेको उहाँले बताउनुभयो । बर्तमान सरकार असंवैधानिक भएकाले खारेज गर्नुपर्ने नेता राईले बताउनु भयो । असंवैधानिक सरकार खारेज गरि जनताको सरकार चाँडै बन्ने नेता राईको दावी छ । उहाँले भन्नुभयो,' अहिले पनि सुरक्षाकर्मीका हात हतियार आन्दोलनकारीसँगै रहेकाले निश्पक्ष एवं भयरहित निर्वाचनको त कल्पना पनि गर्न सकिदैन ।' यो सरकार निर्वाचनका लागि गठन नभएको उहाँको आरोप छ । जेनजी आन्दोलनका क्रममा देशी-विदेशी घुसपैठ भएको उहाँले दावी गर्नुभयो ।

गत भदौ २३ र २४ गतेको घटनालाई फरक-फरक रुपमा विश्लेषण गरि दोषी देखिएका लाई कारवाही गर्नुपर्ने उहाँले बताउनुभयो । नेता राईले भन्नुभयो,' गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग खारेज गरि अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्नु आवस्यक छ ।' बर्तमान असवैधानिक सरकार का विरुद्ध एमालेले भेला, बैठक, जन प्रर्दशनका कार्यक्रम शुरु गरिसकेको उहाँले जानकारी दिनुभयो ।

आजदेखि कात्तिक २५ गते सम्म कोशी प्रदेशभर भेला, जनप्रदर्शनका कार्यक्रम हुनेछन् । एमालेका २३ वटै जनवर्गीय संगठन परिचालन गरि कोशी प्रदेशमा सवा लाख कार्यकर्ता सडकमा उतार्ने नेता राईले बताउनुभयो ।

एमालेलाई निर्णायक शक्तिमा बदल्नेगरि जिल्ला-जिल्लामा भेला, प्रर्दशनको तयारी शुरु भएको उहाँले बताउनुभयो । नेकपा एमाले अहिले राष्ट्रिय महाधिवेशन मा जुटिसकेको बताउँदै उहाँले सडकबाट नेतृत्व परिवर्तन नहुने बताउनु भयो । उहाँले भन्नुभयो,' सडकबाट गलहत्याउने कुरा असान्दर्भीक तथा बेठिक भएको केन्द्रीय कमिटी बैठकको निश्कर्ष छ ।' महाधिवेशनबाट नेतृत्व चयन हुने उहाँले बताउनु भयो ।

अरुण खवर बाट सभार


## सम्पदाको संरक्षण गरौं ।

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा मठमन्दिर, मुर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज तथा भवन स्मारक राष्ट्रिय सम्पति हुन्,
- राष्ट्रिय सम्पति मुलुकको पहिचान हुन् तिनीहरु प्रति गर्भ गरौं,
- राष्ट्रिय सम्पतिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

हाम्रो सम्पदा हाम्रो, पहिचान
सबै मिली गरौ संरक्षण !

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।



## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# वर्षाले किसानलाई बिजोग

वंगालको खाडीवाट शूरु भएको मोन्दा चक्रवतको प्रभावले नेपालको विभिनन भागमा शुक्रवार देखि भारी वर्षाका कारण  किसानले लगाएको धानवाली क्षति भएपछि किसानलाई बिजोग भएको छ । वर्षाको प्रभावले किसानहरूको जीवन र खेतीपातीमा गम्भीर असर पारेको छ । नेपालजस्तो कृषिप्रधान देशमा यस्तो प्राकृतिक प्रकोपले खेतिपाती नष्ट हुनु भनेको हजारौं किसानको आशा, पसिना र भविष्य मेटिनु हो । चक्रवातबाट उत्पन्न अविरल वर्षाले धान काट्ने बेलामा भएका अधिकांश खेतहरू डुबानमा परेका छन् । केही ठाउँमा बालीनाली पुरै बगाएका छन् भने कतिपय स्थानमा पक्न लागेको धान कुहिन थालेको छ । यसले किसानलाई आर्थिक रुपमा ठूलो धक्का पुऱ्याएको छ ।

बाढीले गाउँका बाटोघाटो, सिँचाइका नाला र बाली सङ्कलनका संरचना समेत क्षति पुऱ्याएको छ । कृषिमा आधारित ग्रामीण अर्थतन्त्रमा यसले दीर्घकालीन असर पार्नेछ । बीउ, मल र औजारमा लगानी गरेका किसान अब ऋणमा डुब्ने जोखिममा छन् । सरकार र सम्बन्धित निकायले प्रभावित किसानको सहायताका लागि तत्काल राहत कार्यक्रम ल्याउन आवश्यक छ । क्षतिको उचित मूल्याङ्कन गरी बीमा सुविधा, बीउ र मल अनुदान, तथा सस्तो ऋण उपलब्ध गराउनुपर्छ ।

मोन्दा चक्रवातको वर्षा केवल प्राकृतिक घटना होइन । यो जलवायु परिवर्तनको चेतावनी पनि हो । यदि आजै सचेत नभए, भोलि अझ ठूलो संकटको सामना गर्नुपर्नेछ । किसानको मिहिनेत र उत्पादन सुरक्षित राख्नु राष्ट्रको कर्तव्य हो त्यसैले प्राकृतिक जलवालयुलाई बचाई राख्न रुख विरुवा लागाउन अति आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (क, कि, कु, घ, ङ, छ, के, को, ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तु, ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नें सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (यो, भा, भी, भू, ध, फा, ढ, भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ ।

**मकर** (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# कांग्रेसको अबको मार्गचित्र : पूनर्जागरणको संघर्ष र नयाँ युगको खोज



रमेश कुमार बोहोरा

काठमाडौं । नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेस एउटा यस्तो शक्ति हो जसले देशलाई लोकतन्त्रको उज्यालोमा पुऱ्यायो तर अहिले आफ्नै छायाँभित्र हराएको जस्तो देखिन्छ । इतिहासमा अंकित त्याग, संघर्ष र बलिदानका गौरवपूर्ण पानाहरू अहिले केवल स्मृतिको तहमा सीमित भइरहेका छन् । मुलुक पुनः संक्रमणकालीन जटिलताबाट गुज्रिरहेको छ जहाँ पुराना शक्ति संरचनाहरू ढल्दै छन् र नयाँ पुस्ता सडकमा परिवर्तनको स्वर उठाइरहेछ । यही अवस्थामा नेपाली कांग्रेस आफैँसँग प्रश्न गरिरहेको छ । हामी कहाँ छौं र अब कहाँ जाने ?

सन् १९४७ मा प्रजातान्त्रिक मूल्य र मान्यताको बीज रोप्ने उद्देश्यले स्थापित भएको नेपाली कांग्रेसले राणा शासनविरुद्धको क्रान्तिमा निर्णायक भूमिका खेलेको थियो । बी.पी. कोइरालादेखि गणेशमान सिंह र किशुनजीहरूसम्मको नेतृत्वले देशलाई लोकतन्त्र, संविधान र नागरिक अधिकारका मार्गमा अघि बढायो । २००७ सालको परिवर्तन २०१७ सालको संघर्ष २०४६ सालको पुनर्जागरण र २०६२/०६३ को आन्दोलनसम्म कांग्रेस अग्रपंक्ति मा रह्यो तर समयको प्रवाहसँगै पार्टीको संगठन, सिद्धान्त र प्रभाव क्रमशः कमजोर बन्दै गएको छ ।

बी.पी. कोइरालाले पार्टीको मूल सिद्धान्त 'लोकतन्त्र, समाजवाद र राष्ट्रियता'का रूपले परिभाषित गरेका थिए । तर त्यो सिद्धान्त अहिले पार्टीको संरचना र व्यवहारमा हराएको देखिन्छ । लोकतान्त्रिक मूल्यको नाममा अधिनायक वाद, गुटबन्दी र अवसर वादले पार्टीभित्र गहिरो जरा गाडिसकेको छ । विचार र नीतिभन्दा पद र पहुँचको राजनीति हावी भएको छ । यही कारण नेपाली कांग्रेस जनताबाट टाढिँदै गएको हो । २०७४ र २०७९ का आमनिर्वाचनका नतिजाले पनि समर्थनको आधार घट्दै गएको देखाउँछन् । यसको कारण केवल मत प्रतिशत होइन पार्टीभित्रको थकित संरचना र अकार्यशील नेतृत्व हो ।

शेरबहादुर देउवाको लामो नेतृत्वकालले कांग्रेसलाई स्थायित्वभन्दा बढी स्थगनमा राख्यो । नेतृत्व संघर्ष, गुटगत सौदाबाजी, टिकट बाँडफाँड र नीति निर्माणको असंगतिले पार्टीको विश्वसनीयता घटायो यसकै परिणाम स्वरूप आजका युवाहरू विशेषगरी जेनजी पुस्ताले कांग्रेसलाई आफ्नो प्रतिनिधि शक्ति ठान्न छोडेका छन् । यही असन्तुष्ट मनोविज्ञान को उपज हो हालको जेनजी आन्दोलन जसले पुरानो राजनीतिक संस्कृतिप्रति अविश्वास प्रकट गरेको छ ।

यो आन्दोलन केवल सडकको नारामा सीमित छैन यो नेपालका युवाहरूको सामूहिक चेतनाको विस्फोट हो । उनीहरूले पुराना पार्टीहरूलाई विफलता, भ्रष्टाचार र अवसरवादको प्रतीकका रूपमा हेरेका छन् । कांग्रेसका लागि यो गम्भीर चेतावनी हो किनकि यी युवाहरू लोकतान्त्रिक मूल्यमा विश्वास गर्ने वर्ग हुन् जसको ऐतिहासिक प्रतिनिधित्व कांग्रेसले नै गर्थ्यो । जब यही वर्ग कांग्रेसविना सडकमा उत्रिएको छ त्यो पार्टीको अस्तित्वका लागि मनोवैज्ञानिक झड्का हो ।

अब प्रश्न उठ्छ के कांग्रेसले यो चेतनाको लहर बुझ्न सक्छ ? के पार्टी आफ्ना गल्ती र असफलता स्वीकार गरेर सुधारको बाटो समात्न सक्छ ? के उसले नयाँ पुस्तालाई स्थान दिन सक्ने आँट गर्न सक्छ ?

सभापति देउवाले स्वास्थ्य का कारण कार्यकारी जिम्मेवारीबाट पछि हटेर उप सभापति पूर्णबहादुर खड्का लाई जिम्मेवारी सुम्पिएपछि नयाँ अध्यायको संकेत देखिएको छ । नेतृत्व हस्तान्तरणको घोषणा पछि सत्ताको मात्र होइन भविष्यको दिशाबारे पनि बहस तीव्र भएको छ । मंसिरमा हुन लागेको महाधिवेशनले यही बहसलाई निर्णायक रूप दिनेछ ।

तर महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया होइन यो आत्मालोचना र मूल सिद्धान्तपुनर्जीवनको अवसर हो । इतिहासले देखाएको छ । कांग्रेसका महाधिवेशनहरू प्रायः औपचारिकतामा सीमित रहँदै आएका छन् । पदका लागि प्रतिस्पर्धा हुन्छ तर विचार र नीतिका लागि होइन यो गल्ती यसपटक पनि दोहोरियो भने कांग्रेसको पुनर्जन्म सम्भव छैन ।

पार्टीभित्र अहिले दुई धार स्पष्ट छन् एक पक्ष पुरानो ढाँचामा हिड्न चाहन्छ अर्को पक्ष नयाँ विचार पुस्तान्तरण र संगठनात्मक रूपान्तरणको माग गरिरहेको छ । महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको सक्रियताले पार्टीभित्र परिवर्तनको आशा जगाएको छ । उनीहरूको 'पार्टी रूपान्तरण अभियान'ले कांग्रेसभित्र मात्रै होइन बाहिर पनि नयाँ अपेक्षा सिर्जना गरेको छ । तर संस्थागत रूपमा जरा गाडेको पुरानो ढाँचाले नयाँ विचारलाई ठाउँ दिन अझै सहज छैन ।

कांग्रेसले पुनर्जागरणको बाटो रोज्ने हो भने चरित्र नै परिवर्तन गर्नुपर्छ । नेताप्रधान होइन नीतिप्रधान पार्टी बन्नुपर्छ । सदस्यता प्रणाली, भ्रातृ संस्था, टिकट वितरण र आन्तरिक लोकतन्त्रमा आमूल सुधार नगरी रूपान्तरण सम्भव छैन । अहिले निर्णय प्रक्रिया केन्द्रीय नेतृत्वको स्वेच्छामा सीमित छ । जसले संगठनात्मक अनुशासन र पारदर्शिता दुवै कमजोर बनाएको छ । लोकतान्त्रिक पार्टीमा विधि र प्रक्रियाको शासन हुनुपर्छ तर कांग्रेसमा अझै व्यक्तिकेन्द्रित मानसिकता हावी छ ।

आगामी महाधिवेशनले यी प्रश्नहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ । केवल नयाँ सभापति चयन गरेर पुरानै संस्कार दोहोर्याउने हो भने कांग्रेस जनताको मनबाट हराउनेछ । जनताले अब विचार होइन परिणाम मागिरहेका छन् । उनीहरू शासक होइन, सेवक खोजिरहेका छन् । त्यसैले कांग्रेसले सेवा र उत्तरदायित्व का मूल्य पुनर्स्थापित गर्नुपर्छ ।

नेपालको मध्यमवर्ग, बुद्धि जीवी र लोकतन्त्रप्रेमी वर्ग अझै

बांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. १ मा रहेका ग्रामथान

थत अंकको वाँकी अंश

६. ग्रामथान नोचा :

घनपालथान गाउँपालिका वडा नं. १ कार्यालयको नजिकै बाटोकै पश्चिम पट्टी करिब ८ धुर ऐलानी जग्गामा पहिले सानो झुप्रोमा रहेको ग्रामथानलाई गाउँपालिका र वडा कार्यालयको



सहयोगमा पूर्व मुख फर्केको दुई कोठे पक्की भवन बनेको छ। चारैतिर ईंटको पर्खाल लागिसकेको छ।

उक्त थानमा वार्षिक रूपमा नयाँ वर्षको बैशाख ४ गते बोका १, बाख्री १, परेवा २ जोडा ४ वटा केला १३ हत्था कुरकुटीया केला, ठठेलको घोडा १५ थान, चामल र दुधले बनेको खिर ५० किलो, झाडु, चीनी, पान-सुपाडी, लड्डु धुप अगरवत्ती, पुजारीलाई नयाँ लुगा लगायतका सामग्रीहरू टोल बस्तीका मासिसहरुको सहयोगले खरिद गरी पूजा गर्ने चलन छ। पूजा सकिएपछि ग्रामदेवतालाई चढाएको प्रसाद सबै गाउँलेहरूलाई वितरण गर्ने चलन रहेको ५२ वर्षिय पुजारी टुराइ मण्डल (गनगाई) ले बताए।

उक्त थानमा गनगाई, बनियाँ, गोडी, धानुक, मरिक, चमार र ठाकुर (नाई) लगायतको जातिहरुले अन्य दिनपनि पूजापाठ गर्नुको साथै भाकल पूरा भएपछि समेत पूजा गर्ने रहेको छ। दैनिक रूपमा छेउछाउका मासिनहरुले विहान बेलुका धुप, दीपबाल्ने गरेको स्थानीय वर्ष ६० को देवनु मण्डलले वताए। ग्रामथान दर्ता भएको छैन। यो ग्रामथान कहिले स्थापना भएको हो भन्ने विषयमा कुनै प्रमाण भेटिएको छैन। स्थानीय बासिन्दाका अनुसार बाबु र हजुवा (स्थानीय भाषामा बाबु, दादो, परदातो) लगायत पुस्तौंदेखि ग्रामथानमा पूजा गर्ने प्रचलन रहेको छ।

७. नोचा ग्रामथान :

धनपालथान गाउँपालिका वडा नं. १ कार्यालयदेखि दक्षिण जाँदापश्चिम फर्केको नोचा-पोखरीया सडककै दक्षिण छेउमा पोखरीको डिलमा रहेको छ। दुईवटा पूर्व फर्केको



ग्रामथान मन्दिर आकारको भवन निर्माणाधीन रहेको छ। दक्षिण फर्केको एउटा ग्रामथान मन्दिर भवन निर्माण सम्पन्न भइसकेको छ।

उक्त ग्रामथान मन्दिर बनाउन स्थानीय कोढनु गंगाई, श्रीमती मसिनी देवी गंगाई र छोरा मनोज कुमार मण्डल तथा बुहारी सीता कुमारीको आर्थिक सहयोगमा सम्पूणं गाउँवासी जुटेर निर्माण सम्पन्न भएको छ। जग्गा (भूमि) दाता भनी स्व. अगमलाल मण्डल, स्व.सुगियादेवी, जनकलाल, रामचन्द्र (प्र.अ.), देवचन्द्र मण्डल र ग्रामीण प्रमुख रूपलाल मण्डल रहेका छन्। ग्रामथान निर्माणको सहयोग कर्ताको रुपमाकोढनु गंगाई, मसनी देवीगंगाई, मनोज कुमार मण्डल, सीताकुमारी मण्डल, कमलकुमार मण्डल, सम्झना मण्डल, समीक्षा मण्डलको नामउल्लेख रहेको २०७८ बैशाख १ गते शुक्रबारको शिलालेख देख्न पाइन्छ।

पुजारी रूपलाल मण्डलका अनुसार गाउँ समाजको सहयोगबाट प्रत्येक नयाँवर्ष बैशाख १३ गते बोका, बाख्री (स्थानीय भाषामा पाठापाठी), रक्सी (दारु), अण्डा (हाँस) को चढाइन्छ। रक्सीचाहि अघोरीलाई र अण्डा मसानलाई चढाइन्छ।

पुजारी रुपलाल भन्छन् 'जबतक शीर नायनमोही, तब तक आशिष दिएन कोही' समाजमा ग्रामदेवताको अगाडि शीर (टाउको) झुकाएर आशिष माग्दैन तबसम्म कसैले केही दिंदैन। त्यसैले ग्रामदेवताको अगाडि शीर झुकाएर जे कार्य गरे पनि सफल भइन्छ भन्ने मेरो विश्वास छ।

बैशाख १३ गते बाहेक किसानले खेती सुरुगर्नु अघि



असार महिना, दशैंमा, तिहार, होली लगायतको पर्वहरुमा सामान्य पूजापाठ र धूप, अगरबत्ती, दियो बाल्ने गरेको छ। ग्रामथानमा बाटो र बिजुलीको सुविधा छ। पिउनेपानीको लागि ट्युबेल (कल) को व्यवस्थाछ।

८.ग्रामथान नोचा:

धनपालथान गाउँपालिका वडा नं. १ कार्यालयदेखि १.५ किलोमिटर उत्तर बाटोदेखि पूर्वमा पर्ने ग्रामथान करिब एक कट्ठा जग्गामा रहेको छ। खुल्ला ठाउँ रहेको ग्रामथानमा पूर्वफर्केको ईंटाको पर्खाल र टिनको छाना भएको एक कोठा भएको थानघर एउटा र दक्षिण मुख फर्केको ईंटाको पर्खाल र टिनको छाना भएको एक कोठाको थानघर रहेको छ।

उक्त ग्रामथानमा मंसिरदेखि माघ महिना भित्र वार्षिक पूजामा सबै गाउँ बस्तीमा बसोबास गर्ने मानिसहरुबाट सहयोग (स्थानीय भाषामा बेहरी) उठाउने गरिएको छ। सो रकमबाट पाठा-पाठी र परेवाको बलिदिने चलनछ। फूल, चामलको खीर, ठठेलको घोडा, पान-सुपारी लगायतको सामग्रीले पूजा गर्ने गरिएको पुजारी लक्ष्मण मण्डल गनगाईले बताए।

त्यस बाहेक हरेक पर्व (स्थानीय भाषामा पवनी) मा समेत पूजा गरी धुपबत्ती, अगरबत्ती, दियो बाल्ने गरको छ। मनोकांक्षा पूरा भएमा अन्य दिन पनि बलि दिने र पूजापाठ गर्ने प्रचलन रहीआएको छ।

ग्रामथान सम्मपुग्न सकिने बाटो तथा ग्रामथानमा बिजुली, पानीको उचित व्यवस्था छैन। ग्रामथानको घर समेत व्यवस्थितरुपले बन्न सकेको छैन।

# आसोज महिनाको उत्कृष्ट प्रहरी चौधरी धोषित



विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय नयाँबजार इलाममा कार्यरत प्रहरी सहायक निरीक्षक रमेश कुमार चौधरीलाई असोज "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी सहायक निरीक्षक रमेश कुमार चौधरीले असोज १९ गते अविरल वर्षाको कारण बाढी र पहिरो जाँदा इलामको माइजोगमाई गाउँपालिका-६ चाङमा तत्काल उद्दार कार्यमा खटि बाढी र पहिरोमा पुरिएर मृत्यु भएका ८ जनाको शवलाई उत्खनन गरी पहिरोबाट निकालेको, माइजोगमाई गाउँपालिका-५ र ६ वडाका २ जना सुत्केरी महिला र १ जना सिकिस्त बिरामीहरुलाई तत्काल हेली मार्फत उद्दार गर्न सहजिकरण गरेको थियो।

साथै बाढी, पहिरोबाट क्षेति भएको इलाका प्रहरी कार्यालय नयाँबजारको लागी स्थानीय समाजसेवीसँग समन्वय गरी ५० हजार मुल्य बराबरको फर्निचर लगायतका सामाग्री तत्काल उपलव्ध गराएको र माइजोगमाई गाउँपालिकाको विभिन्न स्थानमा बाढी पहिरोको कारण अवरोध भएको सडक स्थानीय प्रतिनिधि लगायत सरोकार वाला निकाय हरूसँग समन्वय गरी द्रुत गतीमा सुचारू गराएको थियो।

प्रहरी सहायक निरीक्षक बाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८२ साल असोज "महिनाको सर्वोत्कृष्ट प्रहरी" चौधरीलाई घोषणा गरिएको छ।

# प्रतिबन्धित लागु औषध सहित चार पक्राउ

विराटनगर। मोरङ र सुनसरी जिल्लाको दुई छुट्टा छुट्टै स्थानबाट लागू औषध ब्राउन सुगर र ट्याब्लेट सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

कार्तिक १३ विहीवारका दिन मोरङको विराटनगर महानगर पालिका-५ बरगाछी चोक स्थितमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा संखुवासभाको खाँदबारी नगरपालिका-१ का रुपेश कुलुङ र तेह्रथुमको छथर गाउँ पालिका-३ का कर्ण सुनुवारको साथबाट १२ ग्राम ३७ मिलिग्राम ब्राउन सुगर फेला पारी पक्राउ गरेको थियो।

त्यसैगरी सुनसरीको हरिनगर गाउँपालिका-४ स्थितबाट प्र.१-०२-००४ ह ८३३५ नम्बरको सिटी सफारीमा लुकाई छिपाई ल्याउदै गरेको ट्रामाडोल १२ हजार ट्याब्लेट सहित सिटि चालक हरिनगर-५ का अख्तर अंसारी सहित २ जनालाई इलाका प्रहरी कार्यालय हरिनगरले नियन्त्रणमा लिएको छ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।




तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

# भान्सामै रहेछन् यतिका औषधि

हामीले भान्सामा मसलाका रुपमा प्रयोग गर्ने धेरै कुरा औषधि भएको निकै कमलाई जानकारी हुन्छ। जिब्रोको स्वादका लागि आवश्यक ठानिएका ती मसलाले तन्दुरुस्त रहन सघाइरहेका हुन्छन्। कुन मसला कुन रोगका लागि लाभदायी हुन्छ त ?

**लसुनः** लसुनलाई खाना स्वादिस्ट बनाउने मसला मात्रै ठान्नु लसुनप्रतिको ठूलो अन्याय हो। मानव स्वास्थ्यका लागि धेरै लाभदायी गुण हुन्छन् लसुनसँग। एसिडिटीको समस्यामा यसको प्रयोग असाध्यै लाभदायी मानिन्छ । लसुनले उच्च रक्तचाप कन्ट्रोल गर्न मद्दत गर्छ। यसले रगत प्रसारणमा नियन्त्रण गरेर कतिपय अवस्थामा मुटुका रोग लाग्नबाट समेत जोगाउँछ।पेटका रोग जस्तै डाइरियाका लागि यसको प्रयोग असाध्यै प्रभावकारी ठानिएको छ। त्यसैगरी प्राचन प्रक्रियालाई यसले सघाउँछ। आत्तिने वा तनावबाट सिर्जना हुने एसिडिटी कन्ट्रोल गर्न पनि काम आउछ।

लसुनमा रहेको डिटक्सि फिकेसन गुणका कारण विश्वमैं वैकल्पिक चिकित्सामा यसलाई सबभन्दा राम्रो खाद्य सामग्री मानिएको हो। यो त्यति शक्तिशाली हुन्छ, कतिपय परजीविलाई शरीरभित्रै सिध्याइदिन्छ । मधुमेह र कति प्रकारका क्यान्सर समेत निको गर्न यसले मद्दत गर्छ। लसुन श्वासप्रश्वास प्रणालीका लागि पनि राम्रो हुन्छ। यसले टिबी, दम, निमोनिया, रुघालगायतका रोगको रोकथाम गर्न सक्छ ।

**खुर्सानीः** खुर्सानीको प्रयोग बुझेर गर्दा यसले ओखतीकै काम गर्छ। बङ्गारा दुखेमा सफा सिलौटामा मसिनो गरी खुर्सानीमा पानी मिसाई पिँधेर कपडाछ्यान गर्नुपर्छ। यदि वायाँ वङ्गारो दुखेको छ भने दाहिने कानमा यसको झोल हाल्नुपर्छ। यदि खुर्सानी पानीले पोल्यो भने अलिकति घ्यू मनतातो पारेर एक दुई थोपा कानमा हाल्दा सन्चो हुन्छ ।

पुरानो खुर्सानीको बोटको जरा सुरक्षित राखी जरालाई चन्दन बनाएर मोतीया बिन्दु हुन लागेको या आँखामा लगाउदा आराम गर्छ। एउटा खुर्सानी पानीमा डुवाउनुपर्छ । त्यसलाई छ्यानेर अलिकति मह मिसाई कुल्ला गर्दा घाँटीको घाउ निको हुन्छ। केही बेर पोल्न सक्छ। स्वर बन्द भएमार गला बसेमा तीन वटा खुर्सानी एउटा कागती तीन मासा बदाम, तीन ग्राम मिश्री र बबुरको गुँद पिधनु र गोली बनाउनुएर दिनमा दुई(दुई पटक गोली मुखमा राखी चुस्नुपर्छ । बसेको स्वर खुल्छ ।

मृगौला शुल एउटा खुर्सानी पानीमा हाली खुव पिँधि चन्दन जस्तो भएपछि शुल भएको ठाउमा लेप लगाउनु, दुख्ने एकदम छोड्छ ।

निमोनिया एउटा खुर्सानीमा पानी हालेर खुव पिँधि चन्दन जस्तो लेप तयार भएपछि मनतातो बनाई दुखेको ठाउमा लेप गर्दा दुख्न छोड्छ । लेप लगाएको ठाउमा सहन नसक्ने गरी पोल्यो भने १५ मिनेट पछि लेप हटाई पोलेको ठाउमा गाईको घ्यू लगाई दिनु पर्छ ।

**ज्वानोः** ज्वानो एक मसला हो। यो उष्ण प्रकृतिको मानिन्छ । यसको प्रयोग तरकारी आदिमा बढी गरिएपनि नेपालमा यसको प्रचलन सुत्केरी अवस्थामा धेरै गरेको पाईन्छ । बच्चा र आमा दुबैको स्वास्थ्यको लागि परापूर्वकालदेखि यसको प्रयोग बढी लाभदायक मानिएको छ । ज्वानोको सबैभन्दा ठूलो विशेषता यसमा रहेको क्याल्सियम हो। एक चिया चम्चा ज्वानोमा ७६ मिलिग्राम क्याल्सियम पाइन्छ। कुपोषण भएका र लामो बिमारी पछि उठेका बालबालिका, वृद्धा, गर्भवती महिला सबैलाई ज्वानोको प्रयोगले गर्छ । सुत्केरी अवस्थामा ज्वानोले शरीरलाई चाहिने आवश्यक क्याल्सियमको परिपूर्ति गर्छ र दूध बढाउँछ । आमाको दूधबाट बच्चालाई पनि क्याल्सियम प्राप्त हुन्छ ।

यसले पाचनशक्ति बढाउँछ, हानीकारक जीवाणु एवम् कृमिनाश गर्छ, वायुविकार हटाउँछ। गर्मी, सर्दी दुबै मौसममा अनुकुल ज्वानोले फाइदा गर्छ। पेट दुखाइ कम गर्न, पेटका कृमिहरु नाश गर्न र पाठेघर सबल पार्न ज्वानोको प्रयोग फाइदा जनक छ । ज्वानोको बढी प्रयोग गर्दा हानी देखिएमा धनियाँको प्रयोग गर्नुपर्ने कुरा आयुर्वेदले मानेको छ ।

पेट दुखेमा ज्वानो पानी पकाएर थोरै नून मिसाई खान दिँदा पेट दुखेको कम हुन्छ । पेट फुलेमा भुटेको ज्वानो एक चम्चा र थोरै बीरेनून मिसाई पिस्ने र त्यो पाउडरलाई एकडेढ चम्चा तातो पानीसँग खाने गर्दा पेट फूल्ने ठिक हुन्छ । महिलाहरुमा सेतो पानी बग्ने समस्या भएमा नियमित रुपले चौलानी पानीमा भुटेको ज्वानोको पाउडर राखी फिटेर केही महिनासम्म पिउने गर्दा सुधार हुन्छ । ज्वानोको प्रयोग झोल बनाउँन, तरकारी एवम् भात, रोटी वा अन्य खानेकुरा आदि पनि गर्न सकिन्छ ।

**पुदिनाः** पुदिना वा पतिना प्रायः चटनी वा अचारको रुपमा खाने गरिएको वनस्पति हो। पुदिना नेपाल, भारत, चीन लगायतका देशहरूमा प्रायः पाइन्छ । चिसो स्थान ठाउँमा भइरहने प्रायः गर्मीतिर फुल्ने गर्दछ। अचार, तरकारी आदिको रुपमा प्रयोग गरिने पुदिना ताजा एवं सुकाएर दुबै रूपमा प्रयोग गर्न सकिन्छ । आयुर्वेदिक भनाइमा पुदिना स्वेद कारक, उष्ण, दीपन, एवं वायु कफनाशक, भोक बढाउने, मलमूत्रजन्य रोग रोकथाम गर्ने आदि गुणले भरिएको हुन्छ । यो खोकी, अजीर्ण लगायत विविध पेटका रोगहरुमा गुणकारी छ । दिनहुँ खानाको साथमा आधा चम्चा पुदिनाको रस वा ५/६ वटा ताजा पुदिनाको पात वा केही मात्रामा यसको अचार खाएमा अपच भएको अवस्थामा फाईदा हुन्छ ।

पेट फुल्ने वा अजीर्ण भएमा पुदिनाको १-२ चम्चा रस, केही मात्रामा बीरेनून राखी ४ गुणा मनतातो पानीसँग खाँदा पेट फुलेको ठीक हुन्छ ।

पुदिनाको ताजा वा सुकेको पातलाई चिया, सर्बत, चटनी आदि कुनै न कुनै रूपमा सेवन गरेमा क्यान्सरको शुरु अवस्थामा यसले औषधि जस्तै काम गर्दछ । दिनको १०/१५ वटा ताजा पातलाई थिचेर पानीमा मिसाई मह वा थोरै कागती र नून मिसाई दिनको २-३ पटक केही महिनासम्म खुवाउन सकिन्छ । कुनै अंगमा घाउ भएमा वा काटेको ठाउँमा रगत बग्न नरोकिएमा घाउ सफा गरी पुदिनाको पातलाई राम्ररी पखाल्ने र त्यसको रस निकाली लगाउँदा घाउमा रगत थामिन्छ र छिटो निको पार्न समेत मद्दत गर्छ । सामान्य कारणले कुनै व्यक्ति मुर्छा वा बेहोस् भएको छ भने पुदिनाको पातलाई माडेर केहीबेर सुँघाइदिँदा होस आउँछ ।

पुदिनाको रस निकाली आधादेखि २ चम्चासम्म रसलाई पानी मिसाई खानदिँदा ज्वरो घटद्छ ।

पुदिनाको पातलाई पानीमा पकाउँने, पानी सुकेर रहेको चौथाइ मात्रालाई विहान पिउँदा पेटको दुखाइमा आराम हुन्छ।

पुदिनाको पात पानीमा पकाइ पिउँदा दम र खोकीमा सुधार हुन्छ। घाँटी बढी खसखस भएर खोकी लागेमा पनि यसको प्रयोगले फाइदा पुग्छ।

**अदुवाः** आयुर्वेदिक चिकित्सा पद्धतिमा अदुवालाई महाऔषधि को नाम दिइएको छ । फिलिपिन्स मा अदुवा चपायो भने दुष्टात्माहरु नष्ट हुन्छन् भन्ने विश्वास गरिन्छ । अठारौं शताब्दीतिर युरोपमा अदुवाले यौनशक्ति बढाउछ भनेर विश्वास गरिन्थ्यो । यसको प्रयोगले गर्दा शरीरमा रोग प्रतिरोधात्मक शक्ति बढाउने र तागत दिने हुनाले यसमा यौनशक्ति बढाउने क्षमता पनि रहेको हुन्छ भन्ने ठानिन्छ ।

अदुवामा पनि एक प्रकारको गन्धरहित तेल हुन्छ । त्यसैले अदुवा चपाएर राख्दा पनि मुखबाट कुनै गन्ध आउदैन । अदुवालाई ताजा र सुकाएर प्रयोग गर्न सकिन्छ । सुकाएको अदुवालाई सुठो भनिन्छ । जाडोमा अदुवाको काँढा बनाएर खाने चलन छ । रुघाखोकी, घाटी दुख्दाको बेलामा अदुवाको टुक्रालाई सफा गरेर पोलेर मुखमा राखिराख्दा घाटीबाट हुने दुखाइ धेरै नै कम हुन्छ । गर्भावस्थाको सुरुसुरुको एक टुक्रा अदुवा मुखमा हालेर रस निलिरह "दा वाकवाकी हुने समस्या धेरै कम हुन्छ । अपच भएको बेलामा अदुवाको ससाना टुक्रालाई बिरेनूनसंग मिसाएर खानाले अपचको समस्या कम हुन्छ। अदुवाभित्रका केही तत्वहरुले कोलेस्टेरोल नामको बोसो घटाउन मद्दत गर्छन् र मुटुको रोगबाट बचाउ"छन्। विदेशतिर जिन्जरओला भनेर अदुवाबाट निकालिएको रस बेचिन्छ ।

हींगः हींगलाई भगवानको खाना भनिन्छ । यसले खानाको स्वाद र सुगन्ध बढाउने मात्र नभई बिभिन्न रोगबाट पनि बचाउछ। यसले पाचनक्रिया मजबुत बनाउछ। श्वासप्रश्वास सम्बन्धी रोगबाट बचाउछ । रोघाखोकी लाग्नबाट बचाउछ । तातो पानीमा राखेर हिंग खाँदा ब्रोन्काइटिसमा राहत मिल्छ। पेट दुख्दा तातो पानीसंग हींग खाँदा दुखाई कम हुन्छ। दाँत दुखेमा हींग खाँदा राहत मिल्छ। दुखाई भएको ठाउमा हींगको लेप लगाउदा दुखाई कम हुन्छ । रोग प्रतिरोधात्मक क्षमता बढाउछ। दाद, लुतो भएको ठाउमा हिंगको लेप लगाउदा औषधिको काम गर्छ। कब्जियत भएमा तातो पानी र हिंग खाँदा फाइदा हुन्छ ।

**गोलभेंडाः** नेपाली भान्छामा अचारका रूपमा प्रयोग गरिने, तरकारीमा प्रयोग गरिने र सलादका रूपमा खाइने खाद्य पदार्थ हो, गोलभेंडा। पाकेको गोलभेंडा हेर्नमा जति आकर्षक देखिन्छ, उति नै लाभकारी पनि मानिन्छ ।

गोलभेंडाको इतिहास निकै पुरानो छ । गोलभेंडा गुलियो, अमिलो, पाचक, शक्तिबर्द्धक र रुचिबर्द्धक हुनुका साथै यसले अतिसार, पेट र मोटोपना रोक्ने औषधिको पनि काम गर्छ। यसमा लौह तत्वको मात्र दूधभन्दा दुई गुणा र अंगुर, मौसम, तरबुजा तथा खरबुजाको तुलनामा बढी पाइन्छ। गोलभेंडामा क्याल्सियम, चुना, गन्धक, साइट्रिक एसिड लगायतका तत्व पाइन्छ। गोलभेंडा भिटामिनको भण्डार हुन्छ । गोलभेंडा सेवन गर्दा कब्जियतको समस्या समाधान हुन्छ, रक्त विकारबाट मुक्ति मिल्छ, सुख्खा, एक्जिमाजस्ता रोगमा रामबाण मानिन्छ ।

गोलभेंडा खाने मानिसमा मधुमेह, रुघा, दाँतको समस्या, रक्तस्रावजस्ता रोग लाग्दैन । साथै नेत्र रोगको समस्या पनि हुँदैन।त्यसो त गोलभेंडा खानाले गम्भीर रोग पनि लाग्छ, जसमा क्यान्सर, पत्थरी, जोर्नी दुख्ने रोग, टाउको दुखाई, कमर दुखाइ पर्छ । यसकारण सन्तुलित मात्रामा नियमित गोलभेंडाको सेवन स्वास्थ्यबर्द्धक हुन्छ भने बढी सेवन कष्टकारक पनि बन्न सक्छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# अपराजिता एक सुंदर फूलों वाला पौधा





अपराजिता एक सुंदर फूलों वाला पौधा है, जो सही देखभाल से पूरे साल हरा(भरा और लगातार फूलता रह सकता है । अधिक फूल पाने के लिए कुछ सरल घरेलू उपाय अपनाए जा सकते हैं, जो पौधे को मजबूत और स्वस्थ बनाए रखते हैं ।

अपराजिता में अधिक फूल लाने के घरेलू उपाय

**१. धूप की पर्याप्त व्यवस्था करें :** अपराजिता को रोज़ाना कम से कम ५(६ घंटे सीधी धूप मिलनी चाहिए। धूप मिलने से पौधे की ऊर्जा बढ़ती है और फूल अधिक और लगातार आते हैं । अगर पौधा लगातार छाँव में रहेगा, तो फूल कम आएंगे या समय से पहले झड़ सकते हैं ।

**२. छंटाई (एचगलष्लन) करें :** समय(समय पर सूखी, मुरझाई और पुरानी टहनियों को काटते रहें। इससे पौधे में नई कोपलें निकलती हैं और उन पर जल्दी और अधिक फूल आते हैं। नियमित छंटाई से पौधा हमेशा खिला(खिला और आकर्षक दिखाई देता है ।

**३. खाद का सही उपयोग करें :** महीने में एक बार गोबर की खाद, कम्पोस्ट या रसोई के जैविक कचरे की खाद डालें । केले के छिलकों को सुखाकर पाउडर बनाकर मिट्टी में मिलाना बहुत लाभकारी है, क्योंकि इसमें पोटैशियम अधिक होता है, जो फूलों की संख्या और गुणवत्ता बढ़ाता है। नियमित खाद देने से पौधा मजबूत और स्वास्थ्यपूर्ण रहता है ।

**४. गुड़ का पानी दें :**

१ लीटर पानी में १ छोटा टुकड़ा गुड़ घोलकर महीने में एक बार पौधे में डालें। इससे मिट्टी में सूक्ष्म जीवाणु सक्रिय रहते हैं और पौधे को प्राकृतिक ताकत मिलती है । यह उपाय पौधे की जड़ और मिट्टी दोनों के लिए फायदेमंद है ।

**५ राख का प्रयोग करें :**

मिट्टी में लकड़ी या उपले की राख मिलाएँ। इसमें पोटैशियम होता है, जो फूलों के उत्पादन में मदद करता है और मिट्टी की उर्वरता बढ़ाता है । यह एक सरल और प्राकृतिक उपाय है जो पौधे को स्वस्थ रखता है ।

**६. नियमित और संतुलित पानी :** मिट्टी हमेशा हल्की नमी वाली रखें, लेकिन पानी जमा न होने दें। गर्मियों में रोज़ पानी दें और सर्दियों में मौसम के अनुसार पानी की मात्रा कम या ज्यादा करें। सही मात्रा में पानी देने से पौधा स्वस्थ रहता है और फूल लगातार आते हैं।

**७. फूलों को सूखने पर तोड़ते रहें :** जो फूल पूरी तरह खिलकर सूख जाएँ तो उन्हें तोड़ दें। इससे पौधे को नए फूल उगाने के लिए प्रोत्साहन मिलता है। लगातार फूल तोड़ने से अपराजिता हमेशा खिला(खिला और आकर्षक दिखाई देता है।

इन सभी उपायों को नियमित रूप से अपनाएँ और आपका अपराजिता पौधा साल भर हरा(भरा और फूलों से भरा रहेगा

खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# इलाका प्रहरी कार्यालयमा बिचौलीयाहरुको नो इन्ट्री : प्रहरी निरीक्षक थापा

**चन्दन रौनियार**



दुहबी । इलाका प्रहरी कार्यालय दुहबी सुनसरीले आयोजना गरेको पत्रकारहरु संग परिच्यात्मकमा इलाका प्रहरी कार्यालय दुहवीको परिसरमा विचौलियाको नो इन्ट्री हुने प्रहरी निरीक्षक शिबराम थापालले वताएका छन् ।

प्रहरी-संचारकर्मी भएको छलफलमा दुहबी नगरपालिका, गढी र बर्जु गाउँपालिकामा हुने विभिन्न प्रकारको तस्करी रोक्न र बजार व्यवस्थापन लगायत स्थानीय समस्या समाधानको विषयमा छलफल भएको छ ।

संचारकर्मीहरुले उठाएको प्रश्नको जवाफ दिदैं हालै सरुवा भइ आएका ईलाका प्रहरी कार्यालय दुहबीका प्रहरी निरीक्षक थापाले समस्या हल गर्न र गराउन आवश्यक कदम चाल्ने वताउँदै दुहबीका स्थानीय संचारकर्मीहरु माझ शान्ति सुरक्षा नै विकासको आधार भएको धारणा राखेका थिए । शान्ति सुरक्षामा कुनै कमि हुन न दिन सदैब सकारात्मक भएर लागि पर्ने प्रतिवद्धता जानाएका थिए ।

निरीक्षक शिवराम थापाले दुहबी वासीहरुलाई सुरक्षा प्रदान गर्नका लागि शान्ती सुरक्षाका विभिन्न रणनितिहरु अपनाउने अपनाउँदै सडकमा हुने अराजकता अनुशासनहिन गतिविधिदेखी सडक सुशासन का लागि संयुक्त रुपमा सुरक्षा नीति लागु गरिने वताए ।

लागुपदार्थ नियन्त्रण, जुवाजन्य खेलहरु नियन्त्रण र निगरानी, चोरी तस्करी नियन्त्रण, खाद्यान्नको कृत्तिम अभाव र काला बजारी उपर निगरानी, मदिराजन्य वस्तुहरुको विक्री तथा वितरणमा कडाई, चोरी लुटपाटका घटनाहरु हुन नदिन पूर्व तयारी र सर्वसाधरणहरुमा सचेतना अपनाउने सुरक्षा रणनीति रहेको प्रहरी निरिक्षक थापाले दावी गरेका थिए ।

बजारमा हुने विभिन्न खालका गतिविधिहरुलाई निगरानी गर्नका लागि प्रहरीहरुलाई विभिन्न माध्यमबाट परिचालन गरी सर्वसाधरणहरुलाई सुरक्षा प्रदान गर्ने तयारी गरेको समेत यस क्षेत्रको शान्ति सुरक्षाका लागि अहोरात्र खट्ने प्रतिबद्धता जनाउदै स्थानीय संचारकर्मीहरु को सहयोग जरुरी रहेको वताए ।

# एमालेको मोटरसाईकल र्‍याली भव्यरूपमा सम्पन्न

विराटनगर । वर्तमान सरकार संविधान र दलहरुलाई खारेजी गर्न र चुनाव समेत गराउन नसक्ने सरकार भएकोले संविधानको संरक्षण तथा संसद पुनः स्थापना लगायतका माग गर्दै शनिबार झापाको दमकमा एमालेले वृहद मोटरसाइकल र्‍याली सम्पन्न भएको छ ।

नेपाल कम्यूनिष्ट पार्टी रुएमाले) का २३ जनवर्गीय संगठनहरुको सहभागितामा नेपाल कम्यूनिष्ट पार्टी ( एमाले) दमक नगर कमिटीले मोटरसाइकल रयाली आयोजना गरेको हो । दमक-५ स्थित गोर्खा डिपाटमेन्ट स्टोरवाट शुरु भएको मोटरसाइकल रयाली दमक-८ को सेतुमारी हाइवे रोड हुँदै पखेटे चोक, दमक-२ को आम्दा रोडवाट मदन डाँगी सडक, फागुनन्द चोकहँदै दमकको गणतन्त्र चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्वोधन गर्दै एमाले कोशी प्रदेश कमिटी सदस्य सुशील राईले कैदी बन्दी फरार रहेको ,देशमा शान्ति सुरक्षा नभएको, लुटिएका हात हतियारहरु फिर्ता नभएको अवस्था र चुनाव हुने वातावरण नभएका कारण एमालेले संसद पुनः स्थापनाको माग उठाएको दावी गरेका थिए । अहिलेको सुशीला कार्की नेतृत्वको सरकारले चुनाव हुने वातावरण सिर्जना गरे एमाले चुनाववाट कदापी नभाग्ने उनले स्पष्ट गरेका थिए ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन पछिको काम गतल वाटोमा गएको, मुलुक नै खतराको भुमरीमा परेको हुँदा संसद पुनः स्थापना गरेर मात्र मुलुकलाई उचित दिशामा ल्याउने संक्ने भनेर साँकेतिक रुपमा मोटर साइकल ऱ्यालीको आयोजना गरेको एमाले दमक नगर कमिटी अध्यक्ष राम पौडेलले बताए ।

पूर्व प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीको गृह नगर दमकमा आयोजना गरिएको मोटरसाइकल रयालीमा युवा, महिला, सर्वसाधारण, पार्टी कार्यकर्ता र नेताहरुको सहभागिता रहेको थियो ।

## कांँग्रेसको...

पनि कांग्रेससँग भावनात्मक रूपमा जोडिएको छ। तर विश्वासको पुनःस्थापना बिना त्यो सम्बन्ध टिक्दैन । अहिले कांग्रेसको समस्या लोकप्रियताको होइन विश्वसनीयताको हो । जनताले कांग्रेसलाई सत्तालोभी, ढिलासुस्ती र गुटगत पार्टीका रूपमा बुझ्न थालेका छन् । यही छवि तोड्न अब नारा होइन व्यवहार परिवर्तन आवश्यक छ ।

पार्टीले आत्मसमीक्षा मात्र होइन आत्मालोचना पनि गर्नुपर्छ । असफल सरकार सञ्चालन, नीतिगत अस्पष्टता, भ्रातृ संस्थाहरूमा देखिएको अनियमितता र भ्रष्टाचारप्रतिको मौनता यी सबैका लागि नेतृत्वले जनतासँग क्षमायाचनासहित नयाँ संकल्प गर्नुपर्छ ।

नयाँ पुस्ताको आवाजलाई पार्टीको केन्द्रमा ल्याउन नसके कांग्रेस पुनर्जीवित हुन सक्दैन । बी.पी. कोइरालाले प्रतिपादन गरेको 'मानव-केन्द्रित समाज वाद'को अवधारणा अहिले पनि प्रासंगिक छ । तर पार्टी त्यस मानवीय मूल्यभन्दा सत्ता र पहुँचको खेलमा सीमित भएको छ । त्यसैले कांग्रेसले समाजवादी विचार लाई आधुनिक आवश्यकता अनुसार पुनःव्याख्या गर्नुपर्छ ।

आजको नेपाल बेरोजगारी, गरिबी, जलवायु संकट, प्रवासन र प्रविधिगत रूपान्तरणका चुनौतीमा बाँधिएको छ । यी चुनौतीको सामना पुरानो वादले होइन नवीन नीति र व्यवहारिक दृष्टिकोणले मात्र गर्न सकिन्छ । कांग्रेसले अब आर्थिक नीति, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनका सवालमा ठोस दृष्टिकोण प्रस्तुत गर्नुपर्छ ।

लोकतन्त्रको रक्षा केवल संसदमा उपस्थिति जनाएर हुँदैन । यसको मूल सिद्धान्त उत्तरदायित्व, पारदर्शिता र सेवा हो । कांग्रेसले सत्ता सम्हालेका बेला पनि यही भावनालाई जनतासम्म पुऱ्याउन सकेन । यही कारण लोकतन्त्रप्रतिको जनआस्था कमजोर बन्दै गएको छ ।

अब कांग्रेसको भविष्य उसले आउने महाधिवेशन र आगामी निर्वाचनमा कस्तो व्यवहार प्रदर्शन गर्छ भन्नेमा निर्भर छ । यदि नयाँ नेतृत्व, नीति र सोच अंगीकार गर्न सक्यो भने, पुनर्जागरण सम्भव छ । अन्यथा कांग्रेस केवल अतीतको गौरवमा सीमित हुनेछ ।

महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले अहिलेको सन्दर्भमा सबैभन्दा बढी जिम्मेवारी बोकेका छन् । उनीहरूले आफ्नो लोकप्रियतालाई संगठनात्मक दक्षता र राजनीतिक परिपक्वतामा रूपान्तरण गर्नुपर्छ । यो क्षण उनीहरू का लागि अवसर पनि हो परीक्षा पनि हो ।

कांग्रेसको रूपान्तरण केवल युवाको जिम्मा होइन पुरानो पुस्ताले पनि आफ्नो भूमिकालाई सम्मानपूर्वक सल्लाहकार तहमा रूपान्तरण गर्नुपर्छ । ६५ वर्षभन्दा माथिका नेता हरूलाई सल्लाहकार भूमिकामा राखी कार्यकारी जिम्मेवारी नयाँ पुस्तालाई सुम्पन सकियो भने पार्टीभित्र सन्तुलित पुस्तान्तरण सम्भव हुन्छ ।

भ्रातृ संस्थाहरूको पुनर्समीक्षा, पेशागत संघसंस्थाहरूको गैरराज नीतिकीकरण, सदस्यता प्रणालीमा पारदर्शिता र संगठनात्मक अनुशासन पुनर्स्थापना कांग्रेस पुन र्जागरणका आधारशिला हुन् । कांग्रेसले आफूलाई पुनर्स्थापित गर्न सकेन भने लोकतन्त्रकै स्वरूप कमजोर हुनेछ किनकि नेपालमा लोकतन्त्रको संस्थागत इतिहास कांग्रेसकै संघर्षसँग गाँसिएको छ ।

अन्ततः कांग्रेसको अबको यात्रा आत्मचिन्तन, आत्म परिवर्तन र जनसेवा को प्रतिबद्धताबाट शुरू हुनुपर्छ । नेतृत्वले जनताको पीडा महसुस गर्नुपर्छ संगठनले जनताको आवाज सुन्न र समावेश गर्न सिक्नुपर्छ र पार्टीले सत्ता होइन सेवा गर्ने संस्कार पुनर्जीवित गर्नुपर्छ ।

नेपालको नयाँ राजनीतिक नक्सा आजका युवाहरू कोर्दै छन् । सडकमा उत्रिएका ती युवाहरू केवल असन्तुष्ट होइनन् उनीहरू नयाँ नेपालको परिकल्पना गरिरहेका छन् । कांग्रेसले यदि उनीहरूको सपना बुझेर आफ्नो भिजन त्यस दिशामा मोड्न सक्यो भने पुनर्जन्म सम्भव छ । तर यदि पुरानै ढाँचामा बाँधिएर समयसँग लड्ने प्रयास गऱ्यो भने इतिहासले कांग्रेसलाई अतीतको अध्यायमा मात्र सीमित गर्नेछ ।

अब समय देउवा युगको अन्त्य मात्र होइन नयाँ सोच, नयाँ नेतृत्व र नयाँ कांग्रेसको सुरुवातको हो त्यो कांग्रेस जसले फेरि जनतामाझ आफ्नो नैतिकता, सेवा र उत्तरदायित्वका आधारमा विश्वास पुनःस्थापित गर्न सकोस् । यदि त्यो रूपान्तरण सम्भव भयो भने नेपाली कांग्रेस फेरि एकपटक लोकतन्त्रको सार बन्नेछ । जसले न केवल सत्ता पाउने आकांक्षा राख्छ तर देश र जनताको भविष्य निर्माण गर्ने साहस पनि देखाउँछ ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# प्रतिबन्धित लागुऔषध सहित सातजना पक्राउ

विराटनगर । झापा र सुनसरीको बिभिन्न स्थान हरुबाट कार्तिक १२ गते प्रतिबन्धित लागू औषध सहित ७ जनालाई पक्राउ गरीएको छ ।

झापाको इलाका प्रहरी कार्यालय दमकबाट गोप्य सूचनाको आधारमा खटिएको प्रहरी टोलीले कमल गाउँपालिका-५ का बिष्णु राजबंशीलाई आफ्नै घरमा लागू औषधको बिक्रि बितरण गरीरहेको अवस्थामा ट्रामाडोल-८ सय क्याप्सुल, स्पास्पेन ३ सय ट्याब्लेट र डाईक्लोमाईन ५ सय ट्याब्लेट सहित संलग्न सोही स्थानका मौसम तामाङ, सावन जगेबु, रुस्तम बर्देवा र रुचल मगरलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरीले संखुवा सभाको धर्मदेव नगरपालिका-४ का ओमनाथ घिमरेलाई ब्राउन सुगर २ ग्राम ३ सय ६० मिलिग्राम सहित र इलाका प्रहरी कार्यालय धरानले बिभिन्न किसिमका लागूऔषध ३ सय १७ ट्याव्लेट सहित धरान उप-महानगरपालिका-५ का रेहान लिम्बुलाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएकाहरु को सम्वन्धित प्रहरी कार्यालयवाट थप अनु-सन्धान भई रहेको प्रहरीले जनाएको छ ।




**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**